## प्रेस विज्ञप्ति जेष्ठ २ , २०८०

नेपाल कला सम्पदाहरुले भरिपूर्ण देश हो । नेपालका सांस्कृतिक, पुरातात्विक महत्वका सम्पदाहरुले विश्वमै विशिष्ट र मौलिक पहिचान बोकेका छन् । हाम्रो पहिचानको धरोहरको रुपमा रहेका यस्ता सांस्कृतिक सम्पदाहरु नाश हुने क्रम र चोरी निकासी गरिने कार्य पनि वर्तमान समाजको लागि उत्तिकै गम्भिर विषय भएको छ । सांस्कृतिक सम्पदाहरुको विशिष्ट गुण, कौतुहलता र सौन्दर्यबाट प्रभावित भएर यस्ता वस्तुहरु संकलन गरिने परम्परा प्राचीनकालदेखि सुरु भएको थाहा पाइन्छ । विशेष गरी समाजमा अग्रस्थान राख्ने व्यक्तिहरुले नै सोखको रुपमा सांस्कृतिक बस्तुहरुलाई बढी रकम तिरी खरीद गरी संचय गर्ने परम्पराको सुरुवातले सांस्कृतिक सम्पदाहरुको चोरी, ओसारपसार र अवैध निकासीमा थप प्रेरक तत्वको काम गऱ्यो। सन् १९५० पूर्व नेपालबाट के कति सांस्कृतिक सम्पदाहरु बाहिरिए त्यसको रेकर्ड पनि पाइँदैन । तर विश्वका विभिन्न प्रख्यात संग्रहालयहरुमा प्रदर्शनमा राखिएका नेपाली विशिष्ट किसिमका कलाकृतिहरुले नेपालबाट हजारौंका संख्यामा महत्वपूर्ण कलाकृतिहरु बाहिरिएको कुरालाई भने नकार्न सकिंदैन । सन् १९५० पछि नेपालमा भएको राजनीतिक परिवर्तनले गर्दा शिक्षाको विकास, जागरण र सम्पदाप्रति जनचेतना पनि जाग्यो । यसै परिप्रेक्षयमा पर्यटनको विकासले सांस्कृतिक सम्पदाहरुको चोरी निकासी पनि हुन थाल्यो पर्यटनको विकासले नेपालमा विशेष गरी सत्तरी, असी र नब्बेको दशकमा धेरै संख्यामा सांस्कृतिक सम्पदाहरुको चोरी भएको देखिन्छ । सन् २००० देखि सांस्कृतिक सम्पदाहरुको चोरी र निकासी क्रमशः कम हुंदै गएको देखिन्छ । यस अवधिमा चोरी भएका महत्वपूर्ण सम्पदाहरु पनि सुरक्षा निकायहरुद्वारा वरामद गरी पुरातत्व विभागमा पठाएको देखिन्छ । चोरिएका मूर्तिहरुको उत्पत्ति स्थलमा हुने महत्व र उक्त स्थलमा बसोबास गर्ने मानिसहरुको मूर्ति प्रतिको आस्थाका कारणले यस्ता मूर्तिहरु यथास्थानमै प्रतिस्थापन गर्नुपर्छ भन्ने पछिल्लो समयमा विश्वव्यापी रुपमा विकास भएको मान्यता र विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनको विकासले नेपालभन्दा बाहिर गैरकानूनी रुपमा निकासी भएका सांस्कृतिक सम्पदाहरु फिर्ता हुन थालेका छन् । **हालसम्म बेलायत, अस्ट्रिया, अमेरिका, चीन( तिब्बत), भारत, जर्मनी र इटलीबाट जम्मा ९५ थान** मूर्तिहरु तथा कलावस्तुहरु विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्ति तथा संघसंस्थाहरुको प्रयासबाट फिर्ता भइसकेका छन् भने अमेरिका, फ्रान्स, बेलायत, अष्ट्रेलिया जस्ता देशहरुवाट थप अरु केही कलावस्तुहरु फिर्ताको लागि कुटनीतिक पहल भइरहेक

आज नेपाललाई हस्तान्तरण गर्न लागिएको १३/१४औं शताब्दीको काठको कलात्मक सालभञ्जिका टुँडाल ललितपुर सुलिमाटोलस्थित रत्नेश्वरको मन्दिरबाट सन् १९८० को दशक आसपासमा

हराएको थियो । विभिन्न माध्यम हुँदै अष्ट्रेलिया पुगेको उक्त टुँडाल सन् २००० मा Art Gallery of New South Wales लाई प्राप्त भएको पुष्टि भएको छ । उक्त टुँडालको उत्पत्ति स्थल नेपाल भएको भनी यस विभागवाट पुष्ट्याई दिएपछि अष्ट्रेलियाको सिड्नीस्थित Art Gallery of New South Wales ले नेपाललाई फिर्ता दिने निर्णय गरेको थियो । उक्त टुँडाल Art Gallery of New South Wales एसियन आर्ट शाखाकी सिनियर क्यूरेटर Ms. Melanie Eastburn ले Cathay Pacific CX603 को उडानबाट Art Gallery of New South Wales को आफ्नै ढुवानी खर्चमा मिति २०८०।०१।२२ (तदानुसार ५ मे २०२३) मा नेपाल लिएर आउनु भएको थियो । उक्त टुँडाल मिति २०८०।०२।०२ (तदानुसार १६ मे २०२३) का दिन अष्ट्रेलियाका सहायक विदेश मन्त्री Tim Watts ले एक कार्यक्रमका बीच नेपाल सरकारलाई हस्तान्तरण गर्दैहुनुहुन्छ ।

यस कार्यलाई सफल बनाउन सहयोग गर्नु हुने अष्ट्रेलियाको क्यानभेरास्थित नेपाली राजदूतावास, Art Gallery of New South Wales , संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय साथै अर्थ मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहन्छौं । साथै यस कार्यमा संलग्न सम्पदा अभियन्ता, कला प्रेमी, विभिन्न संचारकर्मी तथा पत्रकार महानुभावहरुलाई धन्यवाद दिन चाहन्छौं ।

पुरातत्व विभाग
रामशाहपथ ,काठमाण्डौं